जेष्ठ ७, २०७७

# दैनिक गतिविधि

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फ्याक्स: ०६१-५२०३३०
टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
PHEOC: ०६१-५२४०७४

आज गण्डकी प्रदेश, प्रदेश सभाका सभामुख र अन्य सदस्यज्यूहरुको कोभिड-१९ पिसिआर परीक्षणका लागि नमूना संकलन गरिएको छ । यसअघि हिजो गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यू, ६ जना मन्त्रीज्यूहरु, मन्त्रालयका सचिव, कर्मचारी सहित पिएसओ, सुरक्षाकर्मी गरी १ सय ४६ जनाको स्वाब PCR परीक्षणका लागी संकलन गरिएको थियो । यहि जेष्ठ ११ गतेदेखि गण्डकी प्रदेश सरकारको बजेट अधिवेशन सुरु हुन लागेको हुनाले सतर्कताको लागि पिसिआर परीक्षण गर्न नमूना संकलनलाई तीव्र पारिएको हो ।






## AHF नेपाल द्वारा स्वास्थ्य सामाग्री हस्तान्तरण

AIDS HEALTH CARE FOUNDATION (AHF) नेपालले NAPN को साझेदारीमा *COVID* अस्पताल पश्चिमान्चल क्षेत्रीय अस्पताल पोखरामा विभिन्न स्वास्थ्य सामाग्रीहरु हस्तान्तरण गरेको छ । AHF नेपालका क्षेत्रीय संयोजक डा. प्रिती आचार्य द्वारा पिपिइ, केहि मात्रा N95 मास्क ,सर्जिकल ग्लोभ्स ,थर्मल गन, रियुसेबल गोलोभ्स लगायत,केहि मात्रमा पलास्टिक रियूजेबल गूगल्स पस्चिमान्चल क्षेत्रीय अस्पतालका निर्देशक डा. अर्जुन आचार्यलाई एक समारोहका बीच हस्तान्तरण गर्नुभएको थियो । AHF नेपालले विभिन्न १५ सरकारी अस्पतालसंग साझेदारी गर्दै HIV/AIDS का विरामीलाइ यातायात, पोषण, प्रयोगशाला र औषधि उपचारखर्चमा सहयोग गर्दै आएको छ ।

आज सामाजिक विकास मन्त्रालयमा श्रीमान् सचिव ज्यू, स्वास्थ्य निर्देशनलयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, महाशाखा प्रमुखज्यूहरु र लेखनाथ लायन्स सामुदायिक अस्पताल व्यवस्थापन समितिका सदस्यहरु सम्मिलित एक बैठक सम्पन्न भएको छ । बैठकमा लेखनाथ लायन्स सामुदायिक अस्पताललाई प्रदेश मातहतमा ल्याइ संक्रामक रोग विशिष्टकृत अस्पलातको रुपमा विकास गर्नको निम्ति भइरहेको कार्यप्रगतिको बारेमा छलफल भएको थियो ।

